जि.का.सप्तरी द.नं. ३(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३९ अंक ३४ २०७७ साल चैत १५ गते आइतवार (28 Mar 2021 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र* – **पृष्ठ २ मा :** कोरोनाको दोस्रो लहर, ... **पृष्ठ ५ मा :** महिला हिंसा र कानूनी ... **पृष्ठ ५ मा :** अमेरिकामा आँधीबाट ६ ... **पृष्ठ ६ मा :** होलीमा विशेष सावधानी ...

# बजाज खडक वारियर्सलाई मेयर कपको उपाधी




**राजविराज**/चैत ८ गतेदेखी राजविराजमा संचालित तेश्रो संस्करणको राजविराज मेयर कप सप्तरीको उपाधीमाथी बजाज खडक वारियर्सले कब्जा जमाएको छ।

शनिबार सम्पन्न फाइनल खेलमा बजाज खडक वारियर्सले रुपनी राईडर्सलाई २ रनले पराजित गर्दै सो उपाधीमाथी कब्जा जमाएको हो।

यो जितसँगै बजाज खडक वारियर्सले ३ लाख नगद रुपैयाँको पुरस्कार हात पारेको छ भने उपबिजेता रुपनी राईडर्सले १ लाख ५० हजार रुपैयाँ प्राप्त गऱ्यो।

टस जितेर ब्याटिंग रोजेको बजाज खडक वारियर्सले निर्धारित २० ओभरमा ६ विकेट क्षतीमा १ सय ४६ रन बनाएको थियो। जसमा निरज यादवले सर्वाधिक ५१, अनिल शाहले २९, कप्तान विवेक यादवले २२ तथा भुलावन सहनीले अविजित १३ रन बनाएका थिए।

रुपनी राईडर्सका अनिल यादवले सर्वाधिक ३ विकेट लिए भने सुनिल धमला र कुशल भुर्तेलले १/१ विकेट हात पारे।

हसस्सो लक्ष्य पछ्याउने क्रममा रुपनी राईडर्सले निर्धारित २० ओभरमा ९ विकेट क्षतीमा १ सय ४५ रन बनाउन सफल भयो। रुपनी राईडर्सका लागि निरज मुखियाले अविजित ५२, सुनिल धमलाले २३, अमित यादवले १९ तथा कुशल भुर्तेलले १५ रनको योगदान दिएका थिए।

यता बजाज खडक वारियर्सका अनिल खरेल र गोमानन्द अमात्यले ३/३ विकेट लिएका थिए भने भुलावन सहनीले २ विकेट तथा पवन सर्राफले १ विकेट लिए।

प्रतियोगितामा दुई वटा शतक र एउटा अर्धशतक प्रहार गरेका बजाज खडक वारियर्सका खेलाडी अनिल कुमार शाह उत्कृष्ट खेलाडी घोषित भएका छन्। उनले २५ हजार नगद प्राप्त गरे।

त्यस्तै उत्कृष्ट बलर बिशाल सुशिलंग र उत्कृष्ट ब्याट्सम्यान अनिल शाह चुनिए उनीहरुले जनही १५/१५ हजार प्राप्त गरे।

विजेता खेलाडीहरुलाई राजविराज नगरपालिकाका मेयर शम्भु प्रसाद यादव, तिलाठी कोईलाडी गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंह, रुपनी गाउँपालिकाका वडाध्यक्ष पिताम्बर यादव, राजविराज नगरपालिकाका वडाध्यक्ष जयनारायण मण्डल, सप्तरी क्रिकेट संघका अध्यक्ष आयुष श्रेष्ठ, क्रिकेट विकास प्रतिष्ठानका अध्यक्ष इन्द्रनरायण देव लगायत अतिथिहरुले पुरस्कार वितरण गरेका थिए।

# जोशीको असामयिक निधनप्रति शोक प्रस्ताव पारित, तीन दिन झण्डा झुकाइने

**काठमाडौँ**/नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको शनिबार बसेको आकस्मिक बैठकले पार्टी केन्द्रीय कार्यसमिति सदस्य नवीन्द्रराज जोशीको असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गरेको छ।

सोही बैठकले शोक प्रस्ताव पारित गर्दै यही चैत १५, १६ र १७ गते तीन दिनसम्म केन्द्रीय कार्यालय र सबै जिल्ला कार्यालयमा पार्टीको झण्डा आधा झुकाउने र ती दिनमा शोकका कार्यक्रमहरुबाहेक पार्टीका अरू औपचारिक कार्यक्रमहरु नगर्ने निर्णय गरेको छ।

यसैगरी बैठकले नेता जोशीको स्वर्गारोहणको १३औं दिनसम्म केन्द्रीय कार्यालय र सबै जिल्ला कार्यालयहरुमा शोक पुस्तिका राख्ने तथा १३ औं पुण्य तिथिमा केन्द्र र सबै जिल्लामा भौतिक दूरी कायम गर्दै शोकसभाको आयोजना गर्ने निर्णय गरेको छ।

नेपाल विद्यार्थी सङ्घका पूर्वमहामन्त्री, काठमाडौं महानगरपालिकाका पूर्वउपप्रमुख, संविधानसभा सदस्य जोशीको शुक्रबार उपचारका क्रममा निधन भएको हो।

# यूवा संघ नेपाल जिल्ला कमिटि सप्तरी गठन

**राजविराज**/नेकपा एमालेको भातृ संगठन यूवा संघ नेपाल जिल्ला कमिटि सप्तरी शनिबार सर्वसम्मतले गठन भएको छ।

स्थानिय मविव क्याम्पसमा आयोजित एक भेलाले आनन्द देव यादवको अध्यक्षतमा ७१ सदस्यीय

*बाँकी अन्तिम पृष्ठमा*




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सप्तरीमा पूर्व युवराज पारसको नागरिक अभिनन्दन गरिने




**राजविराज**/सप्तरीमा धार्मिक भ्रमणका आउने तय भएको पूर्व युवराज पारसको नागरिक अभिनन्दन गरिने भएको छ।

चैत १८ गते राम हनुमान आराधना मण्डल तथा २०४७ को संविधान पुर्नस्थापना हाम्रो अभियान नामक संगठनले संयुक्त रुपमा

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

### रंगहरुको पर्व होली घरमै मनाऔं

रंगहरुको पर्व भन्नाले होलीलाई भनिन्छ । उल्लास र समानताको यस पर्वले मानव मात्रमा कल्याण एवं भाइचाराको सन्देश प्रवाह गर्दछ । संस्कृतिले हामीलाई केही न केही सन्देश दिइरहेका हुन्छन् । परम्पराबाट शुरु भएको होलीले आफ्नो पुरानो स्वरुप परिवर्तन गर्दैछ । होलीको यस्तो स्वरुप परिवर्तन सकारात्मक भने पक्कै पनि होइन ।

होलीका परम्परागत गीत र लोकबाजाहरुको सट्टा आधुनिक र अश्लील गीतहरुले स्थान लिंदै गइरहेका छन् । अश्लील शब्द राखेर रचना गरिएका अश्लील गीतहरुको बढ्दो प्रयोगले नयाँ शैलीको होली विकसित हुँदै गएको महसुस हुन थालिएको छ । यसरी विस्तारै यस प्रकारको शैलीले प्रश्रय पाउँदै आफ्नो आकृति बनढाउँला भन्न सकिन्न । हामी हाम्रा सन्ततिका लागि भोलि यस्तै होली परम्परा हस्तान्तरण गर्ने सपना पक्कै पनि बोकेका छैनौं होला । मादक पदार्थको घैंटोमा चुर्लुम्म डुबेर ढलको पानी छ्याप्दै, ओठमा फोहोर गाली झुण्ड्याउँदै आफुलाई संस्कृतिको संवाहक ठान्ने प्रवृत्तिमा कमी आएको देखिन्न ।

यता हरेक वर्ष हर्षोल्लासका साथ मनाइने होली पर्व यस वर्ष कोरोनाको चपेटमा पर्ने भएको छ । खुल्ला रुपमा मनाइने यो पर्व यस पटक प्रशासन कार्यालयको आग्रहमा घरमै सीमित भएर मनाउन हामी बाध्य भएका छौं । तसर्थ होली पर्व सुरक्षित रुपमा घरमै मनाउनु पर्ने अहिलेको बाध्यात्मक परिस्थितीलाई हामी सबैले मनन् गर्नु पनि उत्तिकै आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोनाको दोस्रो लहर, लड्न तयार बनौं स्वस्थ्यकर्मी हो



**धीरज मैनाली**

कोरोना महामारीका कारण कैयन मानिसको जीवन संकटमा परेको छ । विश्वव्यापी रूपमा हेर्ने हो भने लाखौं मानिसले अकालमा ज्यान गुमाए, कतिपय मानिसले मृत्युको मुखबाट पुनर्जीवन पाएको अनुभूति गरे । केहीलाई सामान्य लक्षणको अनुभूति भयो । जे-जस्तो भएता पनि सबैलाई त्राहीत्राहीको अवस्था थियो को मरिने हो, को बाँच्ने हो भन्ने डर तथा त्रास सबैको मनमा व्याप्त रहेको थियो । मानिसलाई घरबाट बाहिर निस्कन हिम्मत थिएन । सरकारले महामारीबाट कमभन्दा कम क्षति होस् तथा यो रोग नियन्त्रणभन्दा बाहिर नजाओस् भन्नका लागि लकडाउन गरेको अवस्था थियो । लकडाउनले गर्दा देशको अर्थतन्त्रमा ठूलो असर पऱ्यो । साथै, मानिसलाई दैनिक गाँसको जोहो गर्नसमेत हम्मे परेको अवस्थाबाट देश पिरोलिएको थियो। यातायात बन्द थिए, हवाई सेवा बन्द थियो ।

यसैबीच कोरोनाको संख्यामा केही कटौती हुँदै आएपछि लकडाउन केही खुकुलो पारियो । कोरोनाविरुद्धको खोपमा विश्वमा केही आशाका किरणहरू विजाङ्कुरित हुन थाले । अक्स्फोर्ड तथा अन्य विश्वविद्यालयबाट उत्पादित खोपले केही सफलता पाएपछि विश्वका मानिसमा केही हिम्मत तथा मनोबल बढेर गयो । खोपको कार्यक्रम क्रमिक रूपमा विभिन्न देशमा विस्तारित हुँदै गयो । नेपाल सरकारले अहोरात्र मेहनत गरी भारत सरकारबाट अक्स्फोर्ड विश्वविद्यालयको प्रविधिबाट भारतको सेरम इन्स्टिच्युटबाट उत्पादित खोप अनुदानमा तथा सहुलियतमा ल्याएर अग्रपंक्तिका स्वस्थ्यकर्मी तथा क्रमिक रूपमा ज्येष्ठ नागरिकलाई पहिलो डोज दिएको छ । विश्वका विकसित मुलुकका नागरिकले हालसम्म पाउन नसकेको खोप नेपाल सरकारको सफल कूटनीति तथा भारत सरकारको छिमेकीप्रतिको उदारताको परिणामस्वरूप आएको सहजै बुझ्न सकिन्छ ।

अहिले मानिस निर्वादरूपमा आवतजावत गरिरहेका छन् । विवाह, पूजालगायतका समारोह आयोजना गरिरहेका छन् । यतिसम्म कि संसद् विघटनको मुद्दालाई लिएर राजनीतिक दलले कैयन दिनसम्म सडक तताए, जुलुस निकाले तर कोरोना संक्रमितको संख्यामा खासै फरक परेन । मानिसमा तत्पश्चात् यति आत्मबल बढेको छ कि अहिले मानिस निर्वादरूपमा मास्कको प्रयोग नगरी हिँड्न थालेको हामी देख्न सक्छौं । अग्रपंक्तिमा खटिएका स्वास्थ्यकर्मीहरूलाई कोरोना संक्रमितको संख्यामा कमी आएकाले उपचार प्रवाह गर्न केही सहजता महसुस गरेको अनुभूति गर्न सकिन्थ्यो ।

सरकारले यो समयमा कोरोना परीक्षणका विभिन्न उपायहरूको खोज गरिरहेको थियो । निजी क्षेत्रलाई कोरोनाको खोप ल्याउन दिने कार्यमासमेत सरकार लागिरहेको जानकारी आमसञ्चारमाध्यममा प्रसारित भइरहेका छन् । कोरोनाविरुद्धको खोप ल्याउनमा सरकार सफल भएकोमा राज्य नागरिकबाट धन्यवादको पात्र छ । यसै समयमा विभिन्न स्थानीय तहमा कम्तीमा पाँच श्ययाको अस्पताल स्थापना गर्ने योजना ल्याएर सरकारले भविष्यमा चाहिने स्वास्थ्य मागलाई पूर्ति गर्न कदम लिएकोमा सरकार धन्यवादको पात्र छ ।

राजनीतिक दल आन्तरिक खिचातानीमा रूमलिएका छन् । सर्वोच्चको संसद् पुनःस्थापना तथा तात्कालीन नेकपा एमाले तथा माओवादी केन्द्र ब्युँताउने निर्णयपश्चात् देशको राजनीति ध्रुवीकृत भएको अवस्था छ । सरकारको अल्पमत तथा बहुमतको लडाइँ भइरहेको छ भने सत्ताधारी राजनीतिक दल आन्तरिक कलहमा फसेको छ । यही समयमा कोरोनाको दोस्रो लहर भारतका केही प्रान्तहरूमा व्यापक भएको छ । नेपालमा कोरोनाको दोस्रो लहर आउँदैन भनेर ढुक्क हुने अवस्था छैन ।

भारत तथा नेपालका खुल्ला तथा अव्यवस्थित सीमानाकाका कारण नेपाल अति जोखिममा छ । मानिसमा लापरवाही बढेको अवस्था छ । कोरोनाले केही हुँदैन भन्ने दम्भी मानसिकता हामीमा पलाएको छ । सार्वजनिक यातायातमा कोचेर यात्रु चढाउने तथा बिनामास्क यताउता हिँड्नुले उपत्यकाजस्तो घना आवादी भएको ठाउँमा कोरोनाको दोस्रो लहरले धेरैलाई असर पार्न सक्छ ।

विगतका गल्तीहरूबाट शिक्षा लिएर तीनै तहका सरकारहरूमा उच्च समन्वय आजकै मितिबाट सुरूआत हुनु अति आवश्यक छ । विगतमा जस्तो केन्द्र एकतिर, प्रदेश अर्को पाटोमा अनि स्थानीय सरकार आफ्नो तालमा बग्ने काम यसपटक नभएर समन्वयकारी तवरले सीमित स्रोतको अधिकतम उपभोगमा लाग्नुपर्ने देखिन्छ । क्वारेन्टाइन व्यवस्थित नभएको गुनासो विगतमा कैयन स्थानबाट आएका थिए । विगतको अनुभवलाई संगालेर कार्य हुँदा हामी कोरोनाको दोस्रो लहरलाई परास्त गर्न सक्छौं । राजनीतिक बेमेल आफ्नो ठाउँमा छ । यदि, महामारीको दोस्रो लहर देशमा देखिएमा राजनीतिभन्दा माथि उठेर सबैले आ-आफ्नो तह तथा तप्काबाट सक्रियता प्रस्तुत गर्नुपर्ने देखिन्छ, बेमेलका बाबजुत सरकारलाई सहयोग गर्नुपर्छ । कोरोना महामारीको दोस्रो लहरको सामना गरिरहेको छिमेकी मुलुक भारतमा संक्रमण तीव्रगतिमा फैलिएको छ । भारतमा संक्रमणको उच्च विन्दुतिर बढिरहँदा नेपालमा पनि संक्रमण बढेको देखिएको छ । जसरी पहिलो लहरमा भारतमा संक्रमण तीव्र गतिमा फैलिएको एक महिनापछि नेपालमा बढ्यो, दोस्रो लहरमा पनि त्यही अवस्था आउनसक्ने विज्ञहरूले बताएका छन् । बुधबार (चैत ११ मा) मात्रै विराटनगरमा १० जना कोरोना संक्रमित भेटिएको छ । अहिलेको नयाँ प्रजातिको कोरोना भाइरसको संक्रमण तथा मृत्युदर बढिरहेको विज्ञहरू बताउँछन् ।

विगतमा जस्तो स्रोत साधनको अभावले तथा पिपिईलगायत सामग्री आपूर्ति नहुँदा अस्पतालले बिरामी नलिएको तथा जनशक्तिको अभाव भनेर बिरामी फर्काएको घटना नदोहोरियोस् भनेर आजै सचेत हुनु आवश्यक छ । कोरोनाको बिरामीलाई भर्ना गरेर अकूत पैसा कमाउँछु भनेर सञ्चालित स्वास्थ्य संस्थालाई सरकारले विगतजस्तो मनोमानी शुल्क लिने कार्य हुन नदिने कार्यमा योजना बनाउन आवश्यक छ । देशमा रहेका निजी तथा शिक्षण संस्थालाई सरकारले समन्वय गरी सरकारी निगरानी तथा व्यवस्थापनमा बिरामीको उपचारको व्यवस्था मिलाउने योजना बनाउनु आवश्यक छ । होम क्वारेन्टाइनका बिरामीको रेकर्ड तथा नियमित ख्यालका लागि टोली कसरी परिचालन गर्ने, कन्ट्याक ट्रेसिङको व्यवस्था कसरी मिलाउने यसको योजनामा आजैबाट लाग्नु वाञ्छनीय देखिन्छ ।

स्वास्थ्यकर्मीहरूको काँधमा पुनः गहन जिम्मेवारी आउने सम्भावना देखिएको छ । विगतमा आफ्नो घरपरिवार केही नभनी बिरामीको उपचारमा अहोरात्र खटिने स्वास्थ्यकर्मीको सुरक्षाका लागि चाहिने सामग्रीहरूको जोहो अहिलेबाटै गर्न सरकार पछि पर्नुहुन्न । गर्मी होस् वा जाँडो पिपिई लगाएर आफ्नो ज्यान बाजीमा राखेर बिरामीको सेवामा उत्रने सेता कोटधारी भगवानलाई काम गर्न कसरी सहज वातावरण सिर्जना गर्न सकिन्छ, यसतर्फ सम्बद्ध सबैको ध्यान जानु आवश्यक छ ।

जुनसुकै समस्याले बिरामी अस्पतालमा भर्ना हुँदा कमभन्दा कम कुरुवा अस्पतालमा जाने व्यवहारको सुरूआत गर्नु आवश्यक छ । अस्पतालमा अनावयक भीड नगर्नु नै राम्रो हुनेछ । अति आवश्यक काम नपरी बाहिर ननिस्कने तथा निस्कँदा मास्क तथा समय-समयमा हात धुने व्यवहारलाई निरन्तरता दिन आवश्यक छ । हेल्चेऱ्याइँले कोरोना संक्रमित बनाउन सक्छ अनि ज्यानसमेत जान सक्छ । यो अमूल्य चोलालाई मात्र हाम्रो सावधानीले विगतमा पनि बचायो अब पनि बचाउँछ यो यथार्थलाई सबैले हृदयंगम गर्नु आवश्यक छ । बिरामीको उपचारका लागि चाहिने मोनिटर, भेन्टिलेटर तथा रेम्डीसिविर वा अन्य औषधिहरूको जोहोमा अविलम्ब नीति निर्माता लाग्नु आवश्यक छ ।

अस्पताल व्यवस्थापनले यस महामारीमा धेरैभन्दा धेरै बिरामीले सुरक्षित तवरले कसरी उपचार पाउन सक्छन् तथा अस्पतालका कर्मचारीहरूलाई कसरी महामारीबाट सुरक्षित राखेर अस्पतालको सेवा अवरुद्ध नहुने वातावरण सिर्जना गर्न सकिन्छ भन्ने कुरामा चनाखो भएर आवश्यक कदम लिनु आवश्यक रहन्छ । नआतिएर विगतका अनुभवहरूलाई सँगालेर कार्य हुँदा हामी यो लहरबाट सजिलै पार पाउन सक्छौं भन्ने यथार्थलाई सबैले मनन गर्न आवश्यक छ । यस महामारीका सिपाहीलाई उच्च आत्मबल बढाउने वातावरण बनाउन सबै तहबाट लाग्नु आवश्यक छ ।

कोरोनाको दोस्रो लहरबाट सबै बचौं । मास्क अनिवार्य लगाएर मात्र बाहिर निस्कौं । भीडभाड, सभा सम्मेलन, गोष्ठी, पूजा आदिलाई स्थगित गरौं । क्याफे तथा रेस्टुरेन्टको भीडभाडमा नजाऔं । कार्यालयमा काम गर्दा तथा बाहिर हिँडुल गर्दा भौतिक दूरी कायम गरौं। लापरवाही नगरौं। सचेत नागरिक भएर कार्य गर्दा हामी सबैले कोरोनाको यो लहरलाई परास्त गर्न सक्छौं ।
चाडपर्व परिवारका सदस्यहरू मात्र भेला भएर थोरै संख्यामा उपस्थित भएर मनाऔं। मानव समुदायमा आएको यो संकटलाई सबैले हातेमालो तथा सहयोगी भावले लडेर यो महामारीका सिपाही स्वास्थ्यकर्मीलाई सहयोग गर्नुपर्छ । खोप लगाएकाले म सुरक्षित छु भन्ने दम्भ मनबाट हटाउँदा राम्रो हुनेछ । खोप लगाएका केही व्यक्तिलाई समेत कोरोना भएको छ । साथै, खोपको दोस्रो डोज लगाउन बाँकी नै छ । यस खोपबाट कोरोना संक्रमणमा कति कमी आउँछ भन्ने खोजकै विषय रहेकोले व्यक्तिगत सावधानी खोप लगाएकाले समेत राख्नु जरूरी छ । स्वास्थ्य खबरबाट

# सरकारी कागजात किर्ते, बालिका बलात्कार, मानव बेचबिखन, दोहोरो नागरिकता तथा बैकिङ कसुर मुद्दाका फरार पाँच प्रतिवादी पक्राउ









**राजविराज**/सरकारी कागजात किर्ते गरेर फरार एक किर्ते मुद्दाका प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ।

सप्तरीको राजगढ गाउँपालिका वडा नं. २ घर भई हाल राजविराज नगरपालिका वडा नं. ५ मा बस्दै आएका अवधेश झालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार २०७७ साउन २ गते शोभानन्द ठाकुरको मृत्यु पश्चात् निजको जग्गा हडप्ने उद्देश्यले राजगढ गाउँपालिका वडा २ को छाप, लेटरप्याड तथा वडा अध्यक्ष समेतको हस्ताक्षर किर्ते गरि मालपोत कार्यालय सप्तरीमा पेश गरि किर्ते गरेको लिखित सम्बन्धी कसुर मुद्दामा अनुसन्धानका क्रममा फरार भएका उनलाई पक्राउ गरि अदालतमा उपस्थित गराइएको थियो।

अदालतले ८ लाख ३६ हजार ५ सय रुँपैया धरौटी माँग गरेको र बुझाउन नसक्दा उनलाई सप्तरी जिल्ला अदालतको आदेशले शुक्रबार राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिएका छन्।

त्यस्तै बालिका बलात्कारको आरोपमा अदालतबाट कैद सजाय तोकिएका फरार रहेका एक प्रतिवादी १३ वर्षपछि पक्राउ परेका छन्। पक्राउ पर्नेमा सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ३ कोइलाडी बरसाईन बस्ने ३५ वर्षिय सेभु भन्ने श्याम मुखिया छन्।

२०६४ साल असोज ९ गते गाउँकै एक १० वर्षिया बालिकाको बलात्कार गरेको आरोपमा उनीमाथी जरबजस्तीकरणी मुद्दा चलाइएको थियो। सो मुद्दामा सप्तरी जिल्ला अदालतले उनलाई २०७५ असार ५ गते १३ वर्ष कैद सजायको फैसला सुनाएको थियो।

घटनापछि फरार भएका मुखिया गाउँ फर्केको र लुकिबसेको गोप्य सूचना आएपछि प्रहरी चौकी बरसाइनबाट खटेको टोलीले उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

पक्राउ परेका मुखियालाई सप्तरी जिल्ला अदालतमा उपस्थित गराइएपछि आदेशानुसार कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यसैगरि मानव बेचबिखन ओसारपोसार मुद्दामा अदालतबाट कैद सजाय तोकिएपछि साढे तीन वर्षदेखी फरार रहेका एक प्रतिवादी बुधबार पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सप्तरीको साविक बथनाहा गाबिस वडा नं. २ हाल महादेवा गाउँपालिका वडा नं. ३ बस्ने ३९ वर्षिय मिथलेश कुमार यादव रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

प्रहरीका अनुसार पक्राउ परेका यादव मानव बेचबिखन ओसार पोसार मुद्दामा सप्तरी जिल्ला अदालतको २०७४ असोज २५ गतेको फैसला अनुसार ५ बर्ष कैद सजाय पाई फरार रहेका थिए।

ईलाका प्रहरी कार्यालय हनुमाननगरबाट खटेको प्रहरी टोलीले यादवलाई घरबाटै बुधबार पक्राउ गरी सोही दिन अदालतमा उपस्थित गराएर कैद भुक्तानको लागी राजविराज कारागार पठाएको प्रहरीले जनाएको छ।

यसैगरि दोहोरो नागरिकता कसुर मुद्दाका एक फरार प्रतिवादी पाँच वर्षपछि सोमबार पक्राउ परेका छन्। अदालतबाट कैद सजाय तोकिएपछि फरार भएका सप्तरीको बोदेबरसाईन नगरपालिका ८ बस्ने ३२ वर्षिय जिवछ ठाकुर पक्राउ परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

घरमा लुकिबसेको गोप्य सूचनाको आधारमा सोमबार दिउँसो इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटेको प्रहरी टोलीले ठाकुरलाई पक्राउ गरेको हो। २०७२ साल जेठ १४ गते दोहोरो नागरिकता कसुर मुद्दामा सप्तरी जिल्ला अदालतबाट एक वर्ष कैद र २० हजार जरिवाना तोकिएपछि ठाकुर फरार भएका थिए।

ठाकुरलाई सोमबारै अदालतमा उपस्थित गराई आदेशानुसार कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

यता बैकिङ कसुर (चेक बाउन्स) मुद्दामा जरिवाना र कैद सजाय फैसला भए लगत्तै फरार भएका एक अभियुक्तलाई प्रहरीले सोमबार साँझ पक्राउ गरेको छ। पक्राउ पर्नेमा सप्तरीको अग्नीसाईर कृष्णसबरण गाउँपालिका वडा नं. ५ निवासी ३३ वर्षिय प्रशान्त कुमार चौधरी छन्।

उच्च अदालत बिराटनगर मोरङ संयुक्त बाणिज्य ईजलासको बैकिङ कसूर (चेक बाउन्स) मुद्दामा २०७७ साल पुस १३ गते चौधरीलाई ६० लाख ७५ हजार जरिबाना र १४ दिन कैद सजाय फैसला सुनाएको थियो।

गोप्य सुचनाको आधारमा प्रहरी टोलीले चौधरीलाई घरबाटै पक्राउ गरी मंगलबार अदालतमा उपस्थित गराएर कैद र जरिवाना भुक्तानका लागी राजविराज कारागार पठाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

## लागुऔषधसहित एक पक्राउ, मदिरा बरामद

**राजविराज**/प्रतिबन्धित लागुऔषधसहित सशस्त्र प्रहरीले एक यूवकलाई पक्राउ गरेको छ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका १ स्थित बेल्ही बोर्डर क्षेत्रबाट प्रहरीले मंगलबार लागुऔषधसहित जिल्लाको कंचनरुप नगरपालिका ११ बस्ने २२ वर्षिय राजु सरदारलाई पक्राउ गरेको हो।

भारतीय बजार कुनौलीबाट दिउँसो ३ बजेतिर पैदल आइरहेका सरदारमाथी शंका लागेर चेकजाँच गर्दा उनको साथबाट ३५/३५ थानको दरले फेनारगन, डाइजेपाम र लिजेसिक लगायतका लागुऔषध बरामद गरिएको सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठले जानकारी दिएका छन्।

सशस्त्र प्रहरी बल बोर्ड आउटपोष्ट खाँडोका प्रहरी सहायक निरिक्षक रामनारायण महतोको कमान्डमा खटिएको टोलीद्वारा पक्राउ परेका सरदारलाई लागुऔषध नियन्त्रण ऐन अन्तरगत कारवाहीका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको सशस्त्र प्रहरी बल नं. ६ हेड क्वाटर राजविराजले जनाएको छ।

यस्तै सशस्त्र प्रहरीले अवैध रुपमा भारततर्फ चोरी निकासी गरि लैजादै गरेको १ हजार ४ सय बोतल मदिरा बरामद गरेको छ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका ३ स्थित तरही भन्ने स्थानमा केही तस्करले चोर बाटो हुँदै भारततर्फ लैजादै गरेको उक्त मदिरा प्रहरीले. बरामद गरेको हो।

मदिरा तस्करी गरिरहेको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय पातोबाट खटेको प्रहरी टोलीले १६ वटा बोरामा प्याक गरि लैजादै गरेको ४८ कार्टुन गौरब र कस्तुरी नामक मदिरा बरामद गरेको हो।

भारतको बिहार राज्यमा प्रतिबन्धित उक्त मदिरा जफत गरि सोमबार बेल्हीस्थित राजविराज भन्सार कार्यालयमा बुझाइएको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बताए।

प्रहरीलाई देखेपछि तस्करहरु भने फरार भएको र खोजिकार्य भइरहेको प्रहरीको भनाई छ।

## १८ किलो गाजा बरामद

**राजविराज**/ सशस्त्र प्रहरीले नेपालबाट भारततर्फ लैजादै गरेको १८ किलो गाँजा बरामद गरेको छ।

सप्तरीको बलान बिहुल गाउँपालिका वडा नं. २ स्थित बलान खोलाबाट सो मात्राका गाँजा बरामद भएको सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिएका छन्।

सशस्त्र प्रहरी बल बोर्डर आउट पोष्ट रामनगर कोदरकट्टीका प्रहरी निरीक्षक लालबहादुर खड्का नेतृत्वको गस्ती टोलीलाई देखेपछि गाँजा बोकेका व्यक्तिहरु गाँजा फालेर फरार भएको सशस्त्र प्रहरीको भनाई छ।

## आगलागिमा तीन घर नष्ट

**राजबिराज**/सप्तरीको सुरुङ्गा नगरपालिका वडा नं. ३ स्थित भुसिमौलिया टोलमा भएको आगलागिमा तीन घर जलेर नष्ट भएको छ। सो आगलागिमा २ वटा पाठो, ५० तोला चाँदी, २ तोला सुन पनि जलेर नष्ट भएको छ।

सो आगलागिमा खाद्यान्न, लत्ताकपडा, सुन, चाँदी लगायतका सामानहरु जलेर नष्ट हुँदा पाँच लाख भन्दा बढीको क्षति भएको प्रहरीले जनाएको छ।

स्थानिय बिन्दुलाल साह, जिलेविया पाल र रामपृत पालकृ एक/एक वटा घर जलेर नष्ट भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

लक्ष्मिपुर र कडोरवना सप्तरीबाट खटेको प्रहरी टोली तथा स्थानियवासी, दमकल, नेपाल प्रहरी र शशस्त्र प्रहरीको सहयोगमा आगोलाई पुर्ण रुपमा नियन्त्रण लिएको थियो।

तिरहुत गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

गोईठी, सप्तरी

२ नं. प्रदेश, नेपाल

पत्र संख्या :२०७७/०७८

चलानी नं. :

मिति : २०७७।१२।१३

**सूचना !** **सूचना !!** **सूचना !!!**

उपरोक्त सम्बन्धमा तिरहुत गाउँपालिका कार्यालयको मिति २०७७।१२।१२ गतेको निर्णयानुसार आ.व. २०७७/०७८ को गाउँ सभाबाट स्वीकृत तपसिल बमोजिमको गा.पा. स्तरीय योजनाहरुको उपभोक्ता समिति गठन गर्नु पर्ने भएकोले देहायको मिति, समय र स्थानमा उपस्थित भई उपभोक्ता समिति र अनुगमन समिति गठन गर्न सम्बन्धी सबै सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

| क्र.स. | शिर्षक नं. | योजनाको नाम | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने मिति | स्थान | समय |
|---|---|---|---|---|---|---|
| १ | ३१११२ | निर्माणाधिन गा.पा. भवन निर्माण गर्ने कार्य | ३००००००।०० | २०७७।१२।१९ | गा.पा. भवन, गोईठी,सप्तरी। | ०८:०० बजे विहान |
| २ | ३११६१ | निर्माणाधिन सभा हल निर्माण गर्ने कार्य | १००००००।०० | २०७७।१२।१९ | गा.पा. भवन, गोईठी,सप्तरी। | ०९:०० बजे विहान |

..............................
योजना शाखा

..............................
अशोक कुमार सिंह
प्रमुख प्रशासकीय अधिकृत

# ज्येष्ठ नागरिक सम्मानित



**राजविराज**/प्रदेश २ का सामाजिक विकास मन्त्री मन्त्री नवल किशोर साहले पाँच दर्जन बढी ज्येष्ठ नागरिकहरुलाई सम्मान गरेका छन् ।

सामाजिक विकास मन्त्रालयद्वारा शुक्रबार राजविराजमा आयोजित "ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभव अन्तरपुस्तामा हस्तान्तरण" कार्यक्रममा सो सम्मान गरिएको हो ।

सो कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री साहले ज्येष्ठ नागरिक समाजमा जिउँदा इतिहास र अनुभवका खानी भएकाले उनीहरुबाट वर्तमान र भावी पुस्ताले धेरै कुरा सिक्नु पर्ने बताए । मन्त्री साहले ज्येष्ठ नागरिकको सुरक्षा र संरक्षणका लागि प्रदेश सरकारको तर्फबाट कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता समेत जनाए ।

उनीहरुलाई सधै सम्मान गर्दै जाने र यसका लागि प्रदेश सरकारको बजेट तथा नीति कार्यक्रममा पनि थप सम्मान हुने खालका विभिन्न योजना समावेश गरेको जानकारी दिए ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव, जसपाका केन्द्रिय सदस्य पुनम यादव, केअमावीका प्रअ दिनेश यादव, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव, जसपा सप्तरीका अध्यक्ष सुनिल झा, पूर्वसांसद नागेन्द्र झा, ज्येष्ठ नागरिक काशीनाथ जोशी लगायतले पनि बोल्दै ज्येष्ठ नागरिकमा भएको अनुभव र ज्ञानबाट शिक्षा लिंदै भावी पुस्ता अघि बढ्नु पर्नेमा जोड दिएका थिए ।

# भूमि सम्बन्धी समस्या समाधान आयोगको कार्यालय स्थापना



**राजविराज**/भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति सप्तरीले शुक्रबारदेखी विधिवत् रुपमा कार्यालय संचालन गर्दै कामको सुरुवात गरेको छ ।

जिल्ला समन्वय समिति सप्तरीको हाताभित्र रहेको भवनमा सो आयोगले कार्यालय संचालनमा ल्याएको हो । समन्वय समितिका सभापति प्रभाकर यादव र प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेलले संयुक्त रुपमा रिबन काटेर सो कार्यालयको उद्घाटन समेत गरे ।

कार्यालय उद्घाटन पश्चात् आयोगका नवनियुक्त अध्यक्ष देवनारायण चौधरीले सत्यतथ्य प्रमाणको आधारमा भूमिहीनलाई जग्गा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले जिल्लामा ३० हजार बढी दलित, भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बासोवासी रहेको जानकारी दिएका छन् ।

अव्यवस्थित वासोवासीहरुलाई व्यवस्थित रुपले भूमि दिनका लागि जिल्लाको १३ वटा पालिकासँग सम्झौता गरिसकेको बताउँदै बाँकी रहेका शम्भुनाथ नगरपालिका, खडक नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, राजगढ गाउँपालिका र विष्णुपुर गाउँपालिकासँग एक हप्ताभित्रै सम्झौता गरिने पनि जानकारी दिए ।

स्थानिय पालिका तथा सो पालिका अन्तरगतका वडाहरुमा सहजिकरण समिति समेत गठन भइसेकेको र ती समितिले १५ दिने वा ७ दिने सूचना प्रकाशित गर्नुपर्ने, सार्वजनिक सुनुवाई गर्नुपर्ने, दलित, भूमिहीन, अव्यवस्थित बसोवासीहरुको अनुमोदन गरि जिल्ला समितिमा पठाउनु पर्ने प्रावधान रहेको छ ।

अध्यक्ष चौधरीका अनुसार समितीमा आएका सिफारिसहरुलाई पालिकामा रहेको सहजिकरण समितिले समेत अनुमोदन गरेर जिल्ला समितिमा पठाएपछि त्यहा रहेका सात सदस्यीय समितिले अन्तिम पटक अनुमोदन गरेर जग्गाका लागि सिफारिस तथा सोको प्रक्रिया अगाडी बढाइने जनाए ।

ती सात सदस्यीय समितिमा आयोगका अध्यक्ष, भूमि विज्ञ, महिला सदस्य, जिल्ला डिभिजन वन कार्यालयका प्रमुख, जिल्ला मालपोत कार्यालयका प्रमुख तथा जिल्ला नापी विभागका प्रमुख छन् ।

आयोगका अध्यक्ष चौधरीको अध्यक्षतामा आयोजित कार्यालय उद्घाटन कार्यक्रमको प्रमुख अतिथि जिल्ला समनवय समिति सप्तरीका सभापति प्रभाकर यादव, प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेल, प्रहरी उपरिक्षक राजेन्द्र धमला, सशस्त्र प्रहरी उपरिक्षक राजु श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो ।

सरकारले गत माघ १५ गते एकै पटक ७७ वटै जिल्लामा भूमि सम्बन्धी समस्या आयोग गठन गरेको थियो । जस अन्तरगत सप्तरीमा देवनारायण चौधरीको अध्यक्षतामा जयप्रकाश ठाकुर विज्ञ सदस्य तथा महिला सदस्यमा जित कुमारी पौडेललाई नियुक्त गरेको थियो ।

# सम्पन्न भारोत्तोलन प्रतियोगिताको आयव्यय सार्वजनिक



**राजविराज**/ प, थ म देवसुन्दर स्मृती महिला तथा पुरुष राष्ट्रिय भारोत्तोलन प्रतियोगिताको शुक्रबार आयव्यय सार्वजनिक गरेको छ ।

सप्तरी जिल्ला भारोत्तोलन संघद्वारा संचालित उक्त प्रतियोगिता गत चैत १ गते सम्पन्न भएको थियो ।

जिल्ला खेलकुद विकास समितिको कभर्ड हलमा शुक्रबार आयोजित एक कार्यक्रमबीच संघका अध्यक्ष महेश प्रसाद यादवले आयव्यय सार्वजनिक गरेका हुन् ।

संघका अध्यक्ष यादवले दुई दिनसम्म चलेको प्रतियोगितामा कुल ७ लाख २८ हजार आम्दानी तथा १० लाख ४ सय ५ रुँपैया खर्च भएको आयव्यय विवरण सार्वजनिक गरे । उनले आम्दानी भन्दा खर्च बढी भएपनि विभिन्न स्थानिय तह, संघ संस्था र व्यक्तिबाट सहयोग गर्ने प्रतिबद्धता आएकाले यसरी प्राप्त हुने रकमबाट घाटा पूर्ती गरिने जानकारी पनि दिए ।

त्यस्तै प्रतियोगिताका सहयोगि संघ संस्था र व्यक्तिलाई सम्मान समेत गरिएको छ । प्रतियोगिता भब्य र सभ्य रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने राजविराज नगरपालिका, कंचनरुप नगरपालिका, बोदेबरसाइन नगरपालिका, तिलाठी कोइलाडी गाउँपालिका, राजगढ गाउँपालिका, रुपनी गाउँपालिका, खेलकुद पत्रकार मञ्च, सुन चाँदी आभुषण संघ, भोरुकवा एफएम र प्रशिक्षकलाई आयोजकद्वारा दोसल्ला र कदरपत्रबाट सम्मान समेत गरिएको थियो ।

# पिकअप र ट्रकको ठक्करबाट दुई मोटरसाइकल चालकको मृत्यु, मोटरसाइकल आफै अनियन्त्रित हुँदा यूवकको ज्यान गयो

**राजविराज**/सप्तरीको दुई स्थानमा भएको दुर्घटनामा दुई मोटरसाइकल चालकको मृत्यु भएको छ ।

जिल्लाको खडक नगरपालिका वडा नं. ४ पन्सेरा सडकखण्डमा पिकअप गाडीको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।

पूर्वपश्चिम राजमार्गमा पर्ने सो सडकखण्डमा पश्चिमबाट पूर्वतर्फ आउदै गरेको बागमती प्रदेश-०२-०१५ प. २५६५ नं. को मोटरसाइकललाई बिपरीत दिशाबाट जादै गरेको बा.२०च. २१५९ नं.को पिकप गाडीले ठक्कर दिएको हो ।

ठक्करबाट गम्भिर घाइते भएका मोटरसाइकल चालक धादिङ जिल्लाको ज्वालामुखी गाउँपालिका वडा नं. ४ बस्ने अन्दाजी ३८ वर्षिय चाम बहादुर राना मगरलाई उपचारको लागी रा.उ.अस्पताल लहान लैजादै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

यता घटनाबारे अनुसन्धान भइरहेको तथा पिकअप गाडी र चालक प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ ।

यस्तै जिल्लाकै पोर्ताहामा मंगलबारराती ट्रकको ठक्करबाट मोटरसाइकल चालकको ज्यान गएको छ भने एक जना घाइते भएका छन् ।

पुर्व-पश्चिम राजमार्ग अर्न्तगत पोर्ताहामा भएको सो दुर्घटनामा मोटरसाइकल चालक जिल्लाको कंचनरुप नगरपालिका ५ पिपरापुर्व बस्ने २० बर्षीय देब कुमार चौधरी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । दुर्घटनामा मोटरसाइकलमा सवार सोही वडाका १९ वर्षिय प्रदिप मुखिया घाइते भएका छन् ।

पुर्बबाट पश्चिम तर्फ जाँदै गरेको को.३३प. ७७१६ नं.को मोटरसाइकललाई सोही दिशाबाट आउदै गरेको ना.७ ख.९३३९ नं. को ट्रकले ठक्कर दिएको थियो ।

प्रहरीले ट्रक र चालकलाई नियन्त्रणमा लिइ थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसअघि राजविराज हनुमाननगर सडकखण्ड अन्तरगत वडा नं. १५ खाँडो पुल नजिक गत शनिबार साँझ भएको मोटरसाइकल दुर्घटनामा एक यूवकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

मृत्यु हुनेमा सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ४ निवासी १५ वर्षिय विवेक कुमार मण्डल छन् भने हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १० इनर्वा वस्ने हरि १५ वर्षिय कौशल मण्डल घाइते भएका छन् ।

राजविराजबाट हनुमाननगरतर्फ जादै गरेको अनटेष्ट मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुदा चालक र पछाडी सवार दुबै जना घाईते भएका थिए । दुबैलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा उपचारका लागि भर्ना गरिएकोमा विवेकको उपचारकै क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यस्तै सोहि मोटरसाइकल पछाडी सवार कौशलको टाउको र छातिमा चोट लाग्दा अवस्था गम्भिर रहेकोले उपचारका लगि विराटनगरतर्फ पठाईएको प्रहरीले जनाएको छ ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

# महिला हिंसा र कानूनी शासन



मौसमी कुमारी कुशवाहा

हामी को छौं ? आखिर को छ बलात्कारी र शोषक हामी छैनौं भने ? के हामी बलात्कृत र शोषित छौं ? अनि हामी बलात्कृत र शोषित छैनौं भने हरेक पल बलात्कृत र शोषित को हुदैछ ? मेरो प्रश्न छ हरेक आम जनतादेखि लिएर त्यो सम्पूर्ण सत्ताको चुचुरोदेखि लिएर तलको कुर्सी समातेकाहरु, समानताका लागि कानुनको हथौडा समातेको छ, अनि कलमदेखि कोदालो समातेको छ । एक चोटि आफ्नो आत्माबाट सोधौं हामी को हौं ?

मलाई त आजभोली अचेल हरेक मान्छे नै बलात्कारी देखिन्छ । किनकी हरेकको आँखामा मलाई समान तृष्णा देखिन्छ । सबैको आँखा राता राता नाशामा चुर भएको छ । सब आफ्नो मनको दमित कामवासना लिएर दौडिएको छ । कोही धनको लागि, कोही पैसाको लागि, कोही सम्मानको लागि, कोही इज्जतको लागि, कोही नाम, कुर्सी, सत्ता त कोही शरीरको संवेदनशील अङ्गको आगो बुझाउन, कामाच्छेक न्याल चुहाउँदै पागल गोरु जस्तै दौडेको छ । मलाई त यहाँ मानव कम र रेसको घोडा बढी देखिन्छ । रेसको घोडालाई केही मतलब हुदैंन, मात्र आफ्नो गन्तव्य पाउने उद्देश्य हुन्छ । चाहे छेउछाउ वा बिच बाटोमा कोही किल्चिएको छ कि कसैको ज्यान गएको छ त्यो घोडालाई कुनै मतलब हुदैन । तसर्थ यहाँ हरेक मान्छे कुनै न कुनै कोणबाट सब अरुको बलात्कार गरेकै छ । नेताले कुर्सीको आडमा वर्षौदेखि राजनीतिका यति बलात्कार गरेछ कि बिचरी राजनीतिको हात कहाँ छ, खुटा कहाँ पुगेछ ठेगान छैन । बिचरी आफ्नो फरिया पनि उठाउँने अवस्थामा छैन । त्यसपछि न्यायकर्मीहरु आदालत र कानुनको पनि त्यही हाल गरेछ । न्याय कि देवी जति असहाय र पीडित त सिंगो नेपालको महिला के संसारकै महिला भन्ने हो भने कम छ । छोरा, श्रीमान आफन्त दिनरात भ्याइनभ्याई बलात्कार गरेको छ । त्यसपछि स्वास्थ्य पनि कहाँ बाँच्नु, ती पनि आफ्नै छोराबाट बलात्कारमा परेछिन् । स्वास्थ्य जति असहाय त ब्रह्माण्डमै कोही नहोला । डाक्टरलाई त हामी भगवानको दर्जा दिन्छौ तर विडम्बना भगवानले नै बलात्कार गरेपछि अब बाँकी के रह्यो । शिक्षाको पनि कम बलात्कार भए छैन । त्यो पनि दिनहुँ बलात्कृत छ । त्यस्तै साहित्य किन पछि रहनु । साहित्य लेख्ने काम हुँदैन सिर्जना गर्ने हुन्छ । अनि सिर्जना भनेको सामान्य मानिसको तुलनामा उसको ओहदा माथि र भगवानसँग दाँजिन्छ । किनकी एउटा भगवान हो जो हरेक दिन नयाँ नयाँ चिज सिर्जना गर्ने गर्दछ, त्यसकारण भगवान जतिकै साहित्यकारलाई मानिन्छ । तर आजको दिनमा त झन् कलम समातेकाहरु जति बलात्कार गर्ने अरु कोही हुँदैन । कलमको आडमा त झन् बलात्कार गरिरहन्छ । २७ सालको अनुभवमा म आजसम्म जति शिक्षित मान्छेसँग पीडित छु वा समस्यामा परेछु त्यति अनपढसँग नहोला । अनपढभन्दा हजारौं गुणा ठूलो बलात्कारी शिक्षित मान्छे हुन्छ । त्यो शब्दको आडमा वाक्य र अनुच्छेदमा अल्झाएर अरुको बलात्कार गरेको हुन्छ ।

हाम्रो देशमा जति महिला हिंसा हत्या भएको छ त्यसको अधिकांश कारण मादक पदार्थ र नसा हो । नेपालमा जाँडरक्सीको उत्पादन बिक्रि वितरणमा कुनै प्रतिबन्ध नलागेको रहेछ । सामान्य नियम कानुन बनाए पनि लागु गर्नुको सट्टा कागजमै सीमित रहेको छ । जसको फलस्वरुप पुरुषहरु अनावश्यक तरिकाले सेवन गरि घरमा दिनहुँ महिला हिंसा गरेको हुन्छ । मधेशभन्दा बढी पहाडमा सौखले जाँड बनाउने र खाने प्रचलन रहेको देखिन्छ । कुनै पनि चाँडपर्वमा वा खुसीको माहौल हुँदा जाँड अनिवार्य हुँदो रहेछ । घरमा पाहुना गए भने स्वागतमा जाँड दिएरै स्वागत गरिन्छ । यो समस्या पहाडी भेगमा भएको देखिन्छ । हरेक घरमा होटेल र रक्सी पसल भएको कारण अधिकांश महिला हिंसा र बलात्कारको शिकार भएको हुन्छ । आफ्नो संस्कृति आफ्नै हिंसा र अभिशाप बनेको छ । तसर्थ यो समस्याको न्यूनीकरणका लागि सरकारदेखि आमजनतालाई आफै सुधारको बाटो अपनाउनु पर्दछ । नेपालमा लागूपदार्थ बेचबिखनको नीति नियममा कडाई गर्नु अति आवश्यक विषय हो ।

समाजमा भएको दिनहुँ बलात्कार करणी वा महिला हिंसा जस्ता घटना २२ वर्षमा ३६ गुणाले १७ गुणाले बढ्यो भन्ने कुरा विभिन्न तथ्याङ्कले देखाएको छ । पछिल्लो समयभन्दा धेरै बढे पनि मलाई चाँहि त्यस्तो लाग्दैन । यी सम्पूर्ण समस्या पहिला थिएन भन्ने छैन । किनकी महिलाको जीवन आजभन्दा ५० वर्ष पछाडि गएर हेर्दा अझ डरलाग्दा र पीडादायक जीवनशैली थियो । सानो उदाहरण हामी लिने हो भने सर्वप्रथम बहुविवाह बन्द भइसकेको छ । आकल झुकल कही अब हेर्न मिल्छ कसैको दुईओटा श्रीमती । बरु इन्टरनेट र शिक्षा, जनचेतना, खुल्ला विचारधाराको कमी थियो । जुन कुरा समाज बाहिर नआउँदै कुरा दबिन्थ्यो तर आज त्यही कुरा विभिन्न सञ्चार माध्यमका कारण, खुल्ला विचारको कारण सम्पूर्ण आमजनता अगाडि आइरहेको छ । त्यसकारण हामीलाई लागेको छ कि दिनप्रति दिन यो महिला हिंसा, बलत्कार बढेको छ । घटना त्यस्तै पहिला अनेकौ ठूला बडा जीम्दारीया शासन र ठकुरीहरुले गर्दा अझ समाज विकृतिले गाँजिएको थियो । अब हेर्दा त्यस्ता हलिया प्रथा, नासो, सति प्रथा, जस्ता अनेकौं प्रथाहरुको समाजबाट जरो उखेलिसकेछ । हाम्रो नेपालका पहाड वा तराई जहाँ पनि कुण्ठित समाज रहेको छ । महिलाको लागि जहाँ पनि हदबन्दी नै रहि रहयो ।

अहिलेको जल्दोबल्दो समस्या जहाँ पनि दलित जात बढी पीडित र मर्कामा परेको देखिरहेको छ । हाम्रो समाजमा अहिले पनि कति ठाँउहरु छन् जो छुवाछुत जस्ता रुढिवादी सोचले ग्रसित छन् । जसको शिकार दलित जाति भएको छ । उनीहरुको समाजमा अहिले पनि कुनै पहिचान र अस्तित्व समेत नरहेको देखिन्छ । ठूला बडाहरु धनको रवाफमा बलात्कार गर्ने र पछि धनको लोभ देखाएर घटना मिलाउने, संस्कृतिको आडमा, जातजाति न्यून भएको कारण, अशिक्षा, पहुँचको कमीका कारण दिनहुँ हेपिएका छन् । समाज यस्ता सङ्कीर्ण सोचले जबसम्म जेलिरहन्छ तबसम्म हामी उन्नती गर्न सक्दैनौं । हाम्रो सोचाई र सोचको गहिराई कुन कोटीको छ त्यस्तै हाम्रो जीवनशैली रहेको हुन्छ । तसर्थ हामीलाई आफ्नो सोचमा पहिला परिवर्तन ल्याई देशको विकास गरौं ।

आजसम्म जे जति बलात्कार भएको छ, ती घटनाहरुलाई नियाल्दा ९९.९ प्रतिशत मानिस चिनजानको, आफन्त वा छिमेकी नै रहेका हुन्छन् । आफ्ना बाल्यकालमै पुरुष ५-१५ प्रतिशत शोषित हुन्छ भने १५-२५ प्रतिशत महिला बालबालिका शोषित हुन्छन् । महिलालाई ३० प्रतिशत शोषण गर्ने घरभित्रकै मान्छे हुन्छ भने ६० प्रतिशत शोषण गर्ने मान्छे चिनेका आफ्ना आफन्त हुन्छन् । १० प्रतिशत भने अपरिचित व्यक्तिहरु हुन्छ । तसर्थ हामीहरुलाई मर्कामा पुर्‍याउने व्यक्ति बाहिरको नभई छिमेकी र आफ्नै भएको कारण हामीलाई जोगिन अति आवश्यक रहेको छ ।

कला र साहित्यलाई समाजको ऐना मानिन्छ । जस्तो समाजको अवस्था हुन्छ त्यस्तै कला र साहित्यमा दर्साइएको हुन्छ । सन् १९/२० को दशकलाई हेर्ने हो भने चलचित्रमा मात्र आफन्तलाई कुटपीट गर्ने, शोषण गर्ने, बहिनी, छोरीलाई बलात्कार गर्ने जस्ता मात्र घटनालाई समेटेर निर्माण गरिएको हुन्छ । त्यो समयको बच्चा त्यहीं घटना हेरेर परिपक्व हुन्छ जसको फलस्वरुप कलिलो उमेरदेखि बदलाको भाव मनमा बस्दछ । हेर्दाहेर्दै मनोबल बलियो भएर जान्छ र पछि त्यस्तै नकारात्मक व्यवहार समाजमा पनि देखाउन थाल्छन् । यसरी हामी आफै बलात्कारी निर्माण गर्दैछौं । अर्को जो नियम बनाएको हुन्छ । त्यही व्यक्ति दुईजिब्रे रहेको हुन्छ, लेख्छ के बोल्छ के गर्छ केही । यस्ता मान्छे ठूलो घातक रहेका हुन्छन् । देशमा कुनै पनि अपराध कम नहुनुको कारण के हो ? एउटै कारण, राष्ट्रको कानुनी व्यवस्था अत्ति फितलो र लापरवाह रहनु हो । जति पनि नीति नियम बनाए पनि कडाईको साथ लागु नभएको कारण अपराधीले कानुनलाई पैसाबाट खेलिने हातको खेल बुझिसकेका छन् । अनि हुन पनि सत्य त्यहि कुरा हो । कानुन त मलाई पनि मात्र कानुन व्यवसाय बनेर सीमित भइसकेको लाग्छ । अपराधी यति कुरा प्रष्ट तरिकाले बुझिसकेको छ कि जे गरे नि पछि पैसा र सोर्सले छुटि नै हाल्ने हो । कुनै अपराधको उजुरी गरे पनि यति तारिख माथि तारिख आउँछ की पीडित व्यक्ति नै मानसिक र आर्थिक अवस्थाले थाकी सक्छ । म त भन्छु यो बलात्कार जस्तो अपराधको लागि नियम यस्तो बनोस् कि पीडितको स्वास्थ्यदेखि आदालतको न्यायसम्मको सम्पूर्ण खर्च अपराधी पक्षले बेहोरोस् । जबसम्म देशको कानुनी व्यवस्था सफा र कडाइको साथ लागु हुँदैन तबसम्म यो महिला हिंसा र हत्या कम हुने छैन । यस्ता समस्याहरुलाई छिटो भन्दा छिटो न्याय दिने कानुन बनाउनु पर्छ ।

दुर्भाग्य र लज्जास्पद कुरा हो । जुन राष्ट्रको राष्ट्रपति एउटा महिला हो, त्यो देशमै दिनहुँ बलात्कार, महिला हिंसा र करणी भएका छन् । यो कुर्सीमा बसेकाहरु, नीति नियम बनाउनेहरुलाई डर हुँदोरहेछ कही आफ्नै छोरा, आफन्त परिहाल्यो भने फेरि गाह्रो होला । कति घटनामा त ठूला नेता मन्त्रीकै आफन्तहरु रहेका हुन्छन् । तर यही हाल रही रहयो भने त्यो दिन दुर छैन जब स्वयम् पीडित आफ्नो हातमा न्याय र कानुन समात्ने छन् । यसरी भयो भने झन् देशको अवस्था भयाभह हुनेछ । तसर्थ समयमा सरकारको ध्यान पुगोस् ।

एउटा भनाई छ "मन के हारे हार, मन के जीते जीत" भनाईको अर्थ मनबाट हारे हाम्रो हार र मनबाट जिते जित निश्चित छ । त्यसकारण जहिले पनि दृढ मानसिकता भएर बाँच्नु पर्दछ । दरिलो आँट लिएर जहाँ जे गरेपनि हामी सफल हुनेछौं । शारीरिक शक्ति लगभग सबैको समान नै रहेको हुन्छस् । फरक त मात्र मानसिक शक्तिको हुन्छ । हाम्रो सोच्ने क्षमता आत्मविश्वास कस्तो छ त्यसमा भरपर्दछ । सब मनको खेल र भ्रम हुन्छ । हामी महिला सधैं मानसिक धरातलले दरिलो बनौं, आँटिलो बनौं । कोहीलाई आँट हुने छैन बोल्ने, कोही फर्केर हेर्ने हिम्मत गर्ने छैन । *मधेश दर्पण फिचर सेवा*

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकामा आँधीबाट ६ जनाको मृत्यु

**वासिङ्टन**/संयुक्त राज्य अमेरिकामा बिहीबार राति र शुक्रबार बिहान आएको आँधीबाट कम्तीमा पनि छ जनाको ज्यान गएको बताइएको छ । अमेरिकाको दक्षिणी क्षेत्रमा यस्तो आँधी आएको बताइएको छ । यसबाट यहाँको ठूलो क्षेत्रका नागरिकहरु प्रभावित भएको पनि बताइएको समाचारमा जनाइएको छ । अलाबामामा आँधीमा परेर पाँच जनाको ज्यान गएको छ र अरु केही व्यक्ति घाइते पनि भएका छन् ।

यसबाट यस क्षेत्रका धेरै नागरिक प्रभावित पनि भएका बताएको छ । यस आँधीबाट यहाँका कैयौं घरमा क्षति पुगेको छ । केही घर आँधीले भत्काइदिएको छ । त्यस्तै अरु भौतिक संरचनामा पनि क्षति पुगेको छ । अलाबामामा शुक्रबार बिहान आएको आँधीले यहाँको ३८ हजारभन्दा बढी घर विद्युतीकरणबाट वञ्चित भएका छन् भने ठूलो जनसंख्यालाई प्रभावित पारेको बताइएको छ ।

त्यसैगरी दक्षिणी न्युन्यान्समा पनि आँधीबाट एकजनाको ज्यान गएको छ । त्यस क्षेत्रमा बिहीबार रातिदेखि नै टोर्नाडो आएको थियो । यी दुई क्षेत्रमा आँधी आउने सम्भावना अझै पनि रहेकोले सतर्क रहन भनिएको छ । यहाँको सरकारले ती क्षेत्रका नागरिकलाई घरबाहिर ननिस्किन भनेको छ भने उद्धार र सहयोगका लागि आवश्यक तयारी गरिरहेको बताएको छ । एजेन्सी

## कतारमा पनि कोभिड १९ को संक्रमण बढ्दो

**दोहा**/कतारमा पनि कोभिड १९ का संक्रमितहरु बढिरहेको यहाँको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ । यहाँका स्वास्थ्य अधिकारीहरुले पछिल्लो केही हप्ता यता कतारमा पनि कोभिड १९ का संक्रमितहरु बढेको बताइएको छ । यहाँका स्वास्थ्य अधिकारीहरुका अनुसार कतारको राजधानी दोहामा यसका संक्रमितहरु बढी मात्रामा देखिएका छन् । शुक्रबार सार्वजनिक भएको एक तथ्यांकमा कतारमा ६०२ जनामा यो संक्रमण देखिएको छ ।

यहाँ यो समेत गरी १ लाख ७६ हजार जनामा कोभिडको संक्रमण पुगेको बताइएको छ । यहाँका २८२ जना नागरिकको कोभिडको संक्रमणबाट मृत्यु भएको छ । यहाँका चिकित्सकहरुले कोभिडका कारण कतारमा मृत्यु हुने दर भने निकै थोरै रहेको बताएका छन् । कतारमा कोरोना विरुद्धको खोप लगाउने कार्यलाई तिब्रता दिइएको छ । यसरी यहाँका कम्तीमा पनि सात लाख मानिसलाई यो खोप दिइएको समाचारमा जनाइएको छ । एजेन्सी

## लिबियामा समयमै आमनिर्वाचन सम्पन्न गर्न युरोपको आग्रह

**त्रिपोली**/लिबियालाई समयमै निर्वाचन सम्पन्न गर्न युरोपका तीन देशका विदेशमन्त्रीहरुले आग्रह गर्नुभएको छ । उहाँहरुले संयुक्त राष्ट्रसंघको सहमतिमा लिबियामा हालैमात्र गठन भएको नयाँ सरकारलाई समयमै आम निर्वाचन गराउन आग्रह गर्नुभएको हो । उहाँहरुले यो सरकारको काम नै आगामी डिसेम्बरमा आम निर्वाचन सम्पन्न गराउने रहेको छ भन्दै सोही समयमा चुनाव गर्न आग्रह गर्नुभएको हो । लिबियाको अवस्थामा सुधार ल्याउनका लागि संयुक्त राष्ट्रसंघको सहमतिमा यो नयाँ सरकार निर्माण भएको हो ।

यस सरकारले आगामी डिसेम्बर २४ का लागि आम निर्वाचन आह्वान गरेको छ । लिबियाको राजनीतिक अवस्थाले अरु पनि छिमेकी देशहरुको अराजनीतिक अवस्थामा असर गर्ने भन्दै सो निर्वाचन समयमै सम्पन्न गराउनका लागि यो सरकारले पहल गर्नुपर्नेमा उहाँहरुले जोड दिनुभएको हो । लिबियाको राजधानी त्रिपोलीमा गत बिहीबार तीन ओटा युरोपेली देशका विदेशमन्त्रीहरु इटालीका विदेशमन्त्री लुइगी डि माइयो, फ्रान्सेली विदेशमन्त्री जिन युभास लि ड्रियाना र जर्मनीका हाइको मास त्रिपोली पुग्नुभएको थियो ।

शुक्रबार उहाँहरुले लिबियाको अहिलेको अवस्थामा युरोपेली देशहरुले कसरी सहयोग गर्न सकिन्छ भन्ने विषयमा कुराकानी गर्नुभएको थियो । लिबियाको आगामी आमनिर्वाचनका विषयमा उहाँहरुले लिबियाका प्रधानमन्त्रीसँग आवश्यक छलफल पनि गर्नुभएको बताइएको छ । प्रधानमन्त्रीसँगको सो भेटका क्रममा तीन युरोपेली देशका विदेशमन्त्रीहरुले लिबियाले तोकिएको समयमै निर्वाचन सम्पन्न गर्नुपर्नेमा जोड दिँदै यसका लागि लिबियालाई युरोपले सहयोग गर्ने चाहेको पनि बताउनुभएको थियो । एजेन्सी

## फ्रान्समा एकैदिनमा झण्डै ४२ हजार सङ्क्रमित

**पेरिस**/फ्रान्समा कोरोनाभाइरसबाट एकैदिनमा थप झण्डै ४२ हजार जना सङ्क्रमित भएका छन् । सरकारी अधिकारीहरुले शुक्रबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा फ्रान्समा ४१ हजार ८६९ जना कोरोनाभाइरसबाट सङ्क्रमित भएका हुन् । त्यसैगरी अरु ८७९ जनाको कारोनाभाइरसकै कारण मृत्यु भएको फ्रान्सको स्वास्थ्य मन्त्रालयले जनाएको छ । फ्रान्समा अहिलेसम्म कोरोनाभाइरसबाट ४४ लाख ६५ हजार ९५६ जना सङ्क्रमित भएको मन्त्रालयको तथ्याङ्क छ । अघिल्लो बर्ष सन् २०२० को जनवरीदेखि अहिलेसम्म फ्रान्समा कोरोनाभाइरसका कारण ९४ हजार २७५ जनाको मृत्यु भएको छ । कुल सङ्क्रमितहरुको सङ्ख्याका आधारमा फ्रान्स पाँचौं अग्रस्थानमा रहेको छ । सबैभन्दा बढी अमेरिकामा सङ्क्रमित रहेका छन् भने त्यसपछि क्रमशः ब्राजिल, भारत र रुसमा धेरै सङ्क्रमितहरु रहेका छन् । फ्रान्समा भन्दा पछाडी छैठौं स्थानमा बेलायत रहेको छ । एजेन्सी

# होलीमा विशेष सावधानी अपनाउन प्रहरीको अनुरोध

**राजविराज**/कोभिड-१९ को जोखिमलाई दृष्टिगत गर्दै नेपाल प्रहरीले होली पर्व मनाउँदा विशेष सावधानी अपनाउन सबैमा अनुरोध गरेको छ ।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोभिड-१९ सङ्क्रमण फैलन सक्ने भएकाले नेपाल सरकारले जारी गरेको निर्देशन र स्वास्थ्य मापदण्डलाई पूर्ण पालना गर्न पनि प्रहरीले विशेष अनुरोध गरेको हो ।

प्रहरीले ७७ वटै जिल्ला प्रहरी कार्यालयलाई आवश्यक निर्देशन दिँदै स्वास्थ्य मापदण्ड पालना गराउन र शान्तिसुरक्षा चुस्त बनाउन आवश्यक निर्देशन दिइसकिएको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरले जानकारी दिएका छन् ।

सरकारले घरघरमै बसेर होली बनाउन अनुरोध गरिसकेको छ, भीडभाडमा पुगेर समूहगत रुपमा होली नमनाउन भनिसकेको अवस्थामा त्यसलाई कार्यान्वयन गर्न मातहतका सबै प्रहरी कार्यालयलाई निर्देशन दिइएको छ । यस वर्ष आइतबार पहाडी क्षेत्रमा र सोमबार तराईमा होली मनाइँदै छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले भारत, बेलायत, फ्रान्सलगायत युरोपेली मुलुकमा कोभिड-१९ को सङ्क्रमणको दरमा वृद्धि भएको र नेपालमा पनि प्रभाव पर्न सक्ने भन्दै सावधानी अपनाउन अनुरोध गरिसकेको छ ।

काठमाडौँ प्रशासनले पनि सङ्क्रमणको जोखिम उच्च रहेको भन्दै होली पर्वलाई आफ्नो घर भित्रै सीमित गरी सामाजिक सांस्कृतिक मर्यादानुसार खेल्न भनेको छ । बाहिर हिँड्दा अनिवार्य मास्क लगाउन, भौतिक दूरी कायम गर्न, स्यानिटाइजरको प्रयोग गर्न र स्वास्थ्य मापदण्डलाई पालना गर्न आग्रह गरिएको छ ।

यसरी सार्वजनिक स्थानमा आउँदा जाँदा मास्क प्रयोग नगर्ने र स्वास्थ्य मापदण्डको पालना नगर्नेलाई सङ्क्रामक रोग ऐन २०२० अनुसार कारवाही हुने गृह मन्त्रालयले जनाएको छ । स्वास्थ्य मन्त्रालयले 'होलीमा हूल तथा ठूला जमघटबाट टाढा बसौँ, कोरोना होइन, माया बाँडौँ' भनेर सन्देश प्रवाह गरेको छ ।

# आप्रवासी कामदारहरुको क्षमता अभिबृद्धि तालिम सम्पन्न




**राजविराज**/आप्रवासी कामदारहरुको दुई दिने क्षमता अभिबृद्धि तालिम शनिबार राजविराजमा सम्पन्न भएको छ ।

आप्रवासी कामदार र तीनका परिवारलाई आफ्नो हकअधिकार सुनिश्चितताका लागि संगठन बिस्तार गरी जिल्लाको १८ वटै पालिकामा संगठन बिस्तार गर्ने उद्देश्यले तालिम संचालन गरिएको हो ।

सप्तरी सामुदायिक विकास केन्द्र नेपाल सप्तरीका अध्यक्ष शम्भुनन्द चौधरीको अध्यक्षत तथा राजविराज नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मदन थापाको प्रमुख आतिथ्यमा सम्पन्न तालिममा आप्रवासी कामदार तथा तीनका परिवारका सदस्यहरुको सहभागिता रहेको थियो ।

तालिममा हेल्भेटास नेपालका कार्यक्रम अधिकृत रामप्रमेश मण्डल र सप्तरी सामुदायिक विकास केन्द्र नेपालका परियोजना संयोजक राजेन्द्र यादवले सहजिकरण गरेका थिए ।

सोही तालिमका सहभागि मध्ये जितेन्द्र प्रसाद सिन्हाको अध्यक्षतामा ११ सदस्यीय आप्रवासी कामदार हकहित संरक्षण केन्द्र सप्तरी गठन गरेको छ ।

गठित समितिको उपाध्यक्षमा राधा नेपाल, सचिवमा दिलिप कुमार यादव, सहसचिवमा सृजना हमाल, कोषाध्यक्षमा दुर्गा भट्राई तथा सदस्यहरुमा राजकुमार यादव, दुर्गानन्द चौधरी, सोनियादेवी पासवान, शोभाकान्त साह, भगमिनदेवी मुखिया र ज्ञानेन्द्र कुमार मण्डल चयन भएका छन् ।

## *सप्तरीमा पूर्व ...*

नागरिक अभिनन्दन गर्ने भएका छन् ।

सो बारे जानकारी गराउने उद्देश्यले शनिबार आयोजित पत्रकार सम्मेलनमा अभियानका संयोजक डा. देवनारायणले नागरिक अभिनन्दनका लागि ५ सय १ सदस्यीय मूल समारोह समिति गठन गरिएको बताएका छन् ।

आयोजित उक्त पत्रकार सम्मेलनमा अभियानका केन्द्रिय संयोजक किशोरी महतोले पूर्व यूवराज पारस जिल्लाको भारदहस्थित कंकालिनी मन्दिर, हनुमाननगरस्थित हनुमान मन्दिर लगायतका धार्मिक स्थलको दर्शनमा पहिले सहभागि भएपछि कंचनरुप नगरपालिकाको बरमझिया खेल मैदानमा नागरिक अभिनन्दन गरिने कार्यक्रम तय भएको जानकारी दिए ।

पत्रकार सम्मेलनमा राम हनुमान आराधना मण्डलका अध्यक्ष रामेश्वर यादवले समारोहका लागि आवश्यक सबै तयारी पूरा भइसकेको जानकारी दिएका छन् ।

अभियानका रौतहट जिल्ला संयोजक शैलेन्द्र सिंहले उक्त अवसरमा विभिन्न स्थानका साधुसन्त लगायत गरि १० हजार भन्दा बढीको सहभागिता रहने दाबी गर्दै समारोहमा पूर्व युवराज्ञी हिमानी शाहसमेतको सहभागिता रहने सम्भावना रहेपनि यसबारे टुङ्गोचाही लागि नसकेको जानकारी दिए ।

पत्रकार सम्मेलनमा आराधना मण्डल एवं अभियानका अगुवा छोटेलाल साह, राजु हमाल ठकुरी, हरिप्रसाद बडाल, सीताराम खत्वे, कैलीदेवी सरदारनी, बिनोद यादव, लगायतको उपस्थिति रहेको थियो ।

## *यूवा संघ नेपाल ...*

जिल्ला कमिटी गठन गरिएको हो ।

गठित कमिटीको उपाध्यक्षमा आलोक कुमार साह, सचिवमा रंजित कुमार ठाकुर, सहसचिवमा जयराम यादव र कोषाध्यक्षमा सलिता कुमारी सदा सर्वसम्मत चयन भएका छन् ।

यस्तै सदस्यहरुमा रहमत अली, बिरेन्द्र सदा, रमेश कुमार यादव, सुमन कुमार चौधरी, मुकेश कुमार, मो. हमिद, केशव कुमार झालगायत रहेका छन् ।

यूवा संघ नेपालका जिल्ला अध्यक्ष आनन्द देव यादवको अध्यक्षता तथा यूवा संघ नेपालका केन्द्रिय उपाध्यक्ष निरंजन झाको प्रमुख आतिथ्यमा आयोजित भेलामा पार्टी जिल्ला सचिव शम्भु यादव, सहसचिव प्रताप नारायण चौधरीलगायतको उपस्थिती रहेको थियो ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिँदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*